'फेदाप गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**(प्रमुख प्रशासकीय अधिकृतको सचिवालय)**

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

**पोक्लावाङ, तेह्रथुम**
१ नं. प्रदेश,नेपाल

फेदाप गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोक्लवाङ, तेह्रथुम १ नं. प्रदेश नेपाल

प.सं. २०७५।०७६
च.नं.- ३४४

मितिः-२०७५।०८।१७

**विषयः कार्यपालिकाको नवौं वैठकको निर्णयको जानकारी गराइएको बारे।**

श्री ...१४ नं. वडा कार्यालय
फेदाप गाउँपालिका।

प्रस्तुत विषयमा **"फेदाप गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १३(२)"** को अधिनमा रही यस फेदाप गाउँकार्यपालिकाको मिति २०७५।०८।१५ गते शनिबार बसेको बैठक संख्या ०९।२०७५-०७६ को प्रमाणित निर्णयको प्रतिलिपी थान – २ यसै साथ संलग्न राखी जानकारी सहित आवश्यक कार्यान्वयनको लागि पठाइएको व्यहोरा अनुरोध छ।

०७५।८।१८

सुमन लिङदेन (लिम्वु)
प्रमुख प्रशासकीय अधिकृत

सुमन लिङदेन (लिम्बु) प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ तथा कार्यार्थः**

श्री योजना / अनुगमन शाखा
फेदाप गाउँपालिका

श्री प्राविधिक शाखा
फेदाप गाउँपालिका

श्री सूचना तथा प्रविधि शाखा,
फेदाप गाउँपालिका (कार्यालयको वेवसाइट तथा फेसवुक पेजमा अपलोड गरिदिनुहुन)

फेदाप गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पोक्लाबुङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

यस गाउँ कार्यपालिकाका अध्यक्ष श्री हरी प्रसाद चोङवाङ (लिम्वु) ज्यूको अध्यक्षतामा, कार्यपालिकाका ०९ जना सदस्यको उपस्थितिमा कार्यपालिकाको वैठक (वैठक संख्या – ०९।२०७५-०७६) मिति २०७५।०८।१५ गते शनिबार गाउँ कार्यपालिकाको कार्यालयमा सम्पन्न भई निम्नानुसारको निर्णय भएको व्यहोरा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा १ (ज) को अधिनमा रही प्रमाणित गरेको छु ।

निम्नः

### १. सुत्र (Sutra) मा इन्ट्रि गरिएको बजेटको फाइनल संवन्धमा

यस गाउँपालिकाको आ.व. २०७५।०७६ को गाउँसभाद्वारा पारित बजेट तथा कार्यक्रम लाई सुत्र (Sutra) मा इन्ट्रि गरी उक्त इन्ट्रि गरिएको बजेट तथा कार्यक्रमको शुद्धाशुद्धि चेकजाँच गरी फाइनल गरियो ।

### २. गोर्खा वेल्फेयर स्किम लाई अनुरोध गर्ने संवन्धमा

यस गाउँपालिकाको गाउँसभा द्वारा पारित आ.व. २०७५।०७६ को योजना बैंक मध्ये निम्नानुसारका योजनाहरु संचालन गरी यस गाउँपालिकाको संवृद्धि तथा विकासमा टेवा पुर्याउन सहयोग गर्नको लागि गोर्खा वेल्फेयर स्किम, धरानलाई अनुरोध गर्ने निर्णय गरियो ।

१. अवुन्धक मुल खानेपानी आयोजना, सिम्ले र जलजले – ४०० घरधुरी
२. कालेधारा खानेपानी आयोजना, ओयाक्जुङ – ६० घरधुरी
३. मझुवा मुल खानेपानी आयोजना, साविक इसिवु – ६० घरधुरी
४. तालखर्क खानेपानी आयोजना, इसिवु, - ५० घरधुरी
५. मंशिरे खानेपानी आयोजना, ओयाक्जुङ – ३० घरधुरी

### ३. कार्यपालिकाको बैठकको नियमितता संवन्धमा

कार्यपालिकाको बैठकलाई नियमित, मितव्ययी, चुस्त बनाउन, छलफलबाट निस्कने निचोड तथा निर्णयलाई प्रभावकारी बनाउन र सकृय रुपमा छलफलमा सहभागी हुने वातावरण सिर्जना गर्न अव देखी गाउँ कार्यपालिकाको वैठक प्रत्येक महिनाको ५, १५ र २५ गते बस्ने निर्णय गरियो ।

### ४. अनुगमन तथा सुपरिवेक्षण समिति गठण संवन्धमा

स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को बुंदा नं. ६.२.१ अनुसार यस गाउँपालिकाको आ.व. २०७५।०७६ मा संचालित योजनाको लागत, परिमाण, समय सीमा, गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्नानुसारको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

अध्यक्ष:- ९८५२०८०५००
उपाध्यक्ष:-९८५२०८०७००
प्र.प्र.अ:- ९८५२०८०६००

१. गीता देवी थापा - उपाध्यक्ष – संयोजक
२. विमला निङलेकु – का.पा. सदस्य – सदस्य (अध्यक्षले तोक्नुभएको)
३. संवन्धित वडाको वडाध्यक्ष – का.पा. सदस्य – सदस्य (अध्यक्षले तोक्नुभएको)
४. सुमन लिङदेन (लिम्बु) – प्रमुख प्रशासकीय अधिकृत – सदस्य
५. मनिष मास्के – इन्जिनियर – आ. सदस्य (विषय विज्ञको रुपमा)

लिलाराज खड्का – योजना शाखा प्रमुख – सदस्य सचिव

५. **वडास्तरीय अनुगमन समिति गठन संवन्धमा**

स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को बुंदा नं. ६.२.३ अनुसार आफ्नो वडाभित्र संचालित ५ लाख भन्दा कम बजेटको योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि यस गाउँपालिका अन्तर्गतका ५ वटै वडामा निम्न अनुसारको वडास्तरीय अनुगमन समिति गठन गर्ने र सोको जानकारी वडा कार्यलयलाई गराउने निर्णय गरियो।

१. वडाध्यक्ष – संयोजक
२. वडा सदस्यहरु – सदस्य
३. वडा सचिव – सदस्य सचिव

नोटः यस समितिले आवश्यकता अनुसार प्राविधिक कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ।

६. **पोक्लावाङ बजारको सोलिङ सहितको ढलान योजनामा श्रमदान संवन्धमा**

यस गाउँकार्यपालिकाको मिति २०७५।०६।०८ को वैठक संख्या ४।२०७५-०७६ द्वारा पारित गरिएको निर्णय नं. ६ मा "पोक्लावाङ वजारको सोलिङ सहित ढलान" योजनामा संवन्धित उपभोक्ता समितिले ३०% नगद श्रमदान गर्नु पर्ने र उक्त रकम अग्रिम रुपमा गाउँपालिकाको धरौटी खातामा जम्मा गर्नु पर्ने निर्णय भएकोमा उक्त समितिले ३०% रकम धरौटी जम्मा गर्नु नपर्ने तर ३०% बरावरको श्रमदान अनिवार्य गर्नुपर्ने निर्णय गरियो।

०७५।८।१६
सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत